निर्णय:-

१. चीनबाट ल्याइएका मानिसहरुलाई भक्तपुरको चाँगुनारायण नगरपालिकास्थित खरिपाटी क्वारेन्टाइन र तेलकोटको खानेपानी तालिम केन्द्रमा राखिएकोमा निजहरुलाई सहयोग गर्नु भएको हुँदा सबै स्थानीय तहहरु, जिल्लाका सबै सुरक्षा निकायहरु, स्थानीय बासिन्दा तथा स्वास्थ्य मन्त्रालयअन्तर्गतका राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका पदाधिकारीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

२. कोरोना भाइरसबाट सतर्क रहन र सरसफाईमा ध्यान दिन सम्पूर्ण जनमानसमा सचेतना फैलाउन सबै सरोकारवाला निकायहरुले पहल गर्ने ।

३. यस जिल्लाभित्र कार्यालयहरुमा कार्यरत उपसचिवद्वय श्री कृष्णप्रसाद धिताल र ध्रुव गैंडा सहसचिव पदमा बढुवा भई जानु भएको हुँदा उहाँहरुलाई हार्दिक बधाई दिने र शुभकामनासहित बिदाई गर्ने ।

४. विकास आयोजना सञ्चालन गर्ने कार्यालयहरुले माग गरेबमोजिमको ढाँचामा विकास आयोजनाहरुको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

५. सबै सरकारी कार्यालयहरुले सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम कार्यालय व्यवस्थापन, प्रभावकारी र नियमित सरसफाइ गर्दै सदाचार र सुशासन कायम गर्ने गराउने ।

६. आ-आफ्नो कार्यालयको नाममा रहेको सरकारी जग्गाहरुको लगत तयार गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

७. प्रत्येक महिनाको २३ गते पछाडि मात्र कर्मचारीको तलब भत्ताका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरमा तलब निकासाका लागि माग गर्ने ।

८. प्रत्येक कार्यालयले सूचना अधिकारीहरुको विवरण अध्यावधिक गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

९. प्रत्येक निकाय/कार्यालयहरुले दाखिला गर्नुपर्ने TDS लगायतका राजस्व वापतका रकम कानून बमोजिम तोकिएको समयमा बैङ्क दाखिला गर्ने ।

१०. यस पूर्व भएका/गरिएका निर्णयहरुलाई समेत जिम्मेवारीका साथ कार्यान्वयन गर्ने गराउने।